## मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३, संख्याः ५, प्रकाशन मितिः २०७७।०३।२५**


## भाग–२

## कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७७

**प्रस्तावनाः** मध्यनेपाल नगरपालिका भित्र कोरोना भाइरसको संक्रमण रोकथाम नियन्त्रणका तथा उपचारको लागि पूर्व तयारी, रोगको पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस प्रभावितहरूको प्रभावकारी उपचार प्रबन्धको लागि आवश्यक पर्ने खर्चको शिघ्र व्यवस्थापन गर्न र विपद् व्यवस्थापन गर्न बान्छनीय भएकोले, मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिको मिति २०७७०३।०९ मा बसेको बैठकले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

**(क)** "**कोष**" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ ।

**(ख)** "**समिति**" भन्नाले दफा ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

**(ग)** "**नगरपालिका**" भन्नाले मध्यनेपाल नगरपालिका सम्झनु पर्छ ।

३. **कोषको स्थापना**: (१) नगरपालिकामा कोरोना भाइरस रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी व्यवस्था गर्न एक कोष स्थापना गरीनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछः

(क) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ख) प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) नगरपालिकाले कोषको लागि छुट्याएको रकम,

(घ) विभिन्न सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) नगरपालिकाले विदेशी मूलुक तथा विदेशी संघ संस्थाबाट रकम प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

४. **कोषको प्रयोग**: कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-

(क) कोरोना भाइरसको कारण लकडाउनको समयमा श्रमिक वर्ग तथा असहाय व्यक्ति परिवार लाई राहत वितरण गरिएको रकम भुक्तानी गर्ने कार्यको लागि,

(ख) कोरोना भाइरसबाट मानवीय क्षति नियन्त्रण गर्न र सो प्रकोपको कारणबाट प्रभावित व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्थापन गर्ने कार्यमा भएको खर्च भुक्तानी गर्ने कार्यको लागि,

(ग) कोरोना भाइरस को रोकथाम तथा उपचारमा आवश्यक पर्ने मेडिकल सामाग्री, सुरक्षा सामाग्री, औषधी, उपकरणका लागि लाग्ने खर्चहरूको प्रबन्ध गर्दा लागेको खर्च मुक्तानी गर्ने कार्यका लागि,

(घ) कोरोना भाइरसको नियन्त्रण तथा रोकथामको लागी क्वारेन्टाईन व्यवस्थापन कार्यमा र नगर कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य कार्यमा खर्च हुने रकम भुक्तानी गर्ने कार्यका लागि,

(ङ) कोरोना भाइरस बाट ज्यान गुमाएका परिवारलाई दिईने राहत खर्चको लागि ।

(च) अन्य विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न ।

५. **कोषको रकम प्रयोग हुन नसक्नेः** दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः

(क) नगरपालिकाको वा समितिको निर्णय भएको वाहेक अन्य कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न ।

६. **कोष सञ्चालक समितिः** (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछस

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप-प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) शाखा प्रमुख-शिक्षा शाखा | सदस्य |
| (ङ) लेखा अधिकृत | सदस्य सचिव |

(२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले दफा (३) बमोजिमको कोषमा रकम जम्मा गर्न आवह्वान गर्न सक्नेछ ।

७. **कोषको व्यवस्थापन तथा सञ्चालनः** (१) कोषमा प्राप्त हुने सबै रकम कृषि विकास बैंक भोलेटार शाखामा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) दफा ६ बमोजिमको समितिको निर्णय बमोजिम मात्र कोषको रकम खर्च गर्नुपर्नेछ ।

(४) यो कार्यविधि बन्नुभन्दा पहिलो कोषबाट भएको सबै खर्च यो कार्यविधि अनुसारनै भएको मानिनेछ ।

८. **लेखा तथा लेखापरीक्षणः** (१) कोषको आम्दानी खर्चको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाका आन्तरिक लेखापरिक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

९. **सचिवालय सम्बन्धी व्यवस्थाः** (१) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(२) समितिको निर्णय तथा कोषको खर्चको अभिलेख उपदफा (१)बमोजिमको सचिवालयमा राख्नुपर्नेछ ।

(३) समितिको नाममा छुट्टै छाप हुनेछैन । समितिको कामको लागि नगर कार्यपालिकाको छाप प्रयोग हुनेछ ।

१०. **कोष सञ्चालनको प्रशासनिक खर्चः** कोष सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च नगरपालिकाले नियमित बजेटबाट खर्च गर्नुपर्नेछ । कोषको रकमबाट बैठक भत्ता उपलब्ध गराउन सकिने छैन ।

११. **कोषको खारेजीः** (१) यस निर्देशिकाको उद्देश्य बमोजिम कार्य समाप्त भएमा वा छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा समितिले कोषमा भएको रकमलाई नगरपालिकाको विपद् व्यवस्थापन कोषमा परिणत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गरिसके पछि यस निर्देशिका बमोजिमको कोष स्वतः खारेज हुनेछ ।

१२. **नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** नगर कार्यपालिकाले यस निर्देशिकाको कार्यान्वयनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

आज्ञाले,

**नर बहादुर खड्का**

प्रमुख प्रशासकीय अधिकृत